नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं.:- ४३३४११९
४५११५३७
४५१९५०१
४५३९३६२
फ्याक्स :- ४५३९९०३
पो.ब.नं.:- २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : २०८२/०८३ (अनुमतिपत्र)
चलानी नं. :- ९८५

मिति : २०८३/१/४

विषय :- रोल्वालिङ्ग खोला ज.वि.आ.(८८ मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्र बारे।

श्री एच.इ.डि. इनर्जी प्रा.लि.
काठमाण्डौं २९ ठमेल,
फोन नं. :- ०१-४४१९६८०
सम्पर्क मोवाइल नं. : ९८५१०४३२२४
Email: bhusan.thapa@gmail.com

प्रस्तुत विषयमा तहाँले रोल्वालिङ्ग खोला ज.वि.आ.(८८ मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्रको माग गरी दिएको दरखास्त माथि कारवाही भई विद्युत नियमावली, २०५० को नियम १६ को प्रयोजनका लागि मिति २०८२/७/२६ र २७ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित भएको व्यहोरा अवगत नै होला |

उक्त सूचना प्रकाशनको स्वीकृति प्रदान हुँदा सूचना प्रकाशनको अवधिमा आयोजनाको बारेमा प्राविधिक प्रस्तुतीकरण पेश गर्न जानकारी गराइएको तथा मिति २०८२/१२/१५ च.नं. १६७० को पत्र मार्फत गरिएको ताकेता पश्चात पनि अद्यावधिक कागजात विवरण सहित प्रस्तुतीकरणका लागि उपस्थित नहुनाको स्पष्टिकरण सहित १५ दिनभित्र अद्यावधिक कागजात विवरण र आयोजनाको बारेमा प्राविधिक प्रस्तुतीकरण पेश गर्नुहुन अन्यथा प्रस्तुत दरखास्त रद्दको कारवाही अगाडी बढाइने व्यहोरा विभागको मिति २०८३/१/३को निर्णयानुसार जानकारी गराईन्छ ।

..........................
(दुर्गानारायण भुसाल)
ईन्जिनियर